# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल

☎:०५६-५५००१५

प.सं. ०७५/०७६
च.नं. २४२

मितिः २०७५।०५।१८

**विषय :३९ औ राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस मनाउने सम्बन्धमा ।**

राप्ती नगरपालिका अन्तर्गतका विद्यालयहरु सवै
(सामुदायिक -५० संस्थागत -१०)

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०७५।५।१० को निर्णयानुसार मिति २०७५।५।२३ गते (8 September 2018) ३९ औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवस **"समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार, दक्ष जनशक्ति विकास एवम दिगो शैक्षिक पूर्वाधार"** आदर्श वाक्यका साथ विभिन्न कार्यक्रम सहित मनाउनका लागि नगर प्रमुख एवम् नगर शिक्षा समितिका अध्यक्ष प्रभा वरालको संयोजकत्वमा कार्यपालिका सदस्यहरु, शिक्षा समितिका पदाधिकारीहरु, क्याम्पस प्रमुखहरु, विद्यालयका अध्यक्ष एवम् प्रधानाध्यापकहरु, स्रोतव्यक्तिहरु, शिक्षा क्षेत्रका पेशागत लगायत अन्य संघसंस्थाहरु र नगर कार्यपालिकाका कर्मचारीहरु सहित **१६१ सदस्यीय शिक्षा दिवस मूल समारोह समिति** गठन गरिएको व्यहोरा अनुरोध छ । देहायका कार्यक्रम सहित शिक्षा दिवसलाई भव्यरुपमा सम्पन्न गर्नको लागि कक्षा ८ संचालित आधारभूत र माध्यमिक विद्यालयहरुले शिक्षा दिवसको व्यानर सहित विव्यस अध्यक्ष, प्रधानाध्यापक, शिक्षक र कक्षा ८ र सो भन्दा माथिल्लो कक्षका विद्यार्थीहरु एवम् अन्य विद्यालयहरुले विव्यस अध्यक्ष, प्रधानाध्यापक र शिक्षकहरुलाई सहभागी गराउनु हुन अनुरोध छ ।

मिठाराम हुमागाँई
प्रमुख प्रशासकीय अधिकृत

**शिक्षा दिवस कार्यक्रम**

१. शिक्षा दिवस समारोह स्थानः- **भण्डारा माध्यमिक विद्यालय भण्डारा ।**
२. **रयाली (प्रभात फेरी) कार्यक्रम : ठिक ११:०० बजे भण्डारा चोक देखि ।**
३. राप्ती नगरपालिका अन्तर्गतका विद्यालयहरुबाट माध्यमिक शिक्षा परीक्षा २०७४ को नतिजामा उच्च नतिजा प्राप्त गर्ने विद्यालय, विद्यार्थी र शिक्षकहरुलाई पुरस्कार प्रमाणपत्र सहित सम्मान ।
४. आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७४ को नतिजाको आधारमा उच्चतम नतिजा प्राप्त गर्ने विद्यार्थी र शिक्षकहरुलाई पुरस्कार र प्रमाणपत्र सहित सम्मान ।
५. सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा १-५) का शिक्षकहरु मध्येबाट उत्कृष्ट २ जना शिक्षकलाई प्रमाणपत्र सहित सम्मान ।
६. वाल विकास सहयोगी कार्यकर्ताहरु मध्येबाट १ जनालाई प्रमाणपत्र सहित सम्मान ।
७. विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगी मध्येबाट १/१ जनालाई प्रमाणपत्र सहित सम्मान ।
८. सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट १ जनालाई प्रमाणपत्र सहित सम्मान ।

३९ राष्ट्रिय शिक्षा दिवस तथा अन्तर्राष्ट्रिय साक्षरता दिवसको आदर्श वाक्य

**"समाजवाद उन्मुख समृद्ध राष्ट्र निर्माणको आधार,
दक्ष जनशक्ति विकास एवम दिगो शैक्षिक पूर्वाधार"**